# "शिक्षा, स्वास्थ्य, रोजगार र पर्यटन सहितको पूर्वाधारः प्रकृति र मगर संस्कृति निस्दीको आधार"

सभा सदस्य ज्यूहरु, सभाका सचिव ज्यू, उपस्थित कर्मचारी लगायत महानुभाव ज्यूहरु यस सभामा निस्दी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउदा म आफैलाई भाग्यमानी ठानेको छु ।

वि.सं. २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा यहाँहरुले प्रदान गर्नुभएको भारी जनमतबाट हामी निर्वाचित भई यस निस्दी गाउँपालिकाको नेतृत्व सम्हाल्ने अवसर पायौं। करिब ३ वर्षको यस कार्यकालसम्म आइपुग्दा गाउँपालिकाको समृद्धि यात्रामा निरन्तर सहयोग गर्नुहुने सम्पूर्ण राजनीतिक दल, कर्मचारी प्रशासन, समाजसेवी, बुद्धिजीवी, नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी संस्था तथा आम जनसमुदायप्रति म हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु।

यस विशेष अवसरमा, म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएका विभिन्न जनआन्दोलनहरुमा आफ्नो जीवन आहुति दिनुहुने अमर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

हामी यस गाउँपालिकाको गौरवपूर्ण इतिहास, मौलिक संस्कृति, सम्पदा र सभ्यताको संरक्षण एवं सम्बर्द्धन गर्दै संघीय, प्रदेश तथा स्थानीय सरकारले तोकेबमोजिमको सेवा प्रवाह र विकास निर्माणका कार्यहरुलाई प्रभावकारी बनाउन प्रतिबद्ध छौं। यसमार्फत हामी सम्पूर्ण निस्दीवासी जनताको सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न चाहन्छौं।

हामीले अख्तियार गरेका नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आन्तरिक अनुशासन र सबल प्रशासन अनिवार्य शर्त हो भन्ने कुरामा हामी स्पष्ट छौं। त्यसैले, यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ। जनतासँग प्रत्यक्ष सम्बन्ध राख्ने गाउँ कार्यपालिकाको कार्यालय र सबै वडा कार्यालयहरुको क्षमता विकास गर्ने, स्रोत-साधनमा वृद्धि गर्ने तथा एक सुदृढ प्रणालीको विकास गर्ने नीति हामीले अवलम्बन गर्नेछौं।

## आर्थिक वर्ष २०८१/०८२ को नीति समिक्षा

१.नागरिकहरुको आय बृद्दि गर्न कृषि ,पशु ,उधोग ,पर्यटन , सिंचाई क्षेत्रमा लागानी गर्ने नीति लिई कार्यान्वयन गरिएको छ ।

२. सामाजिक विकास तर्फ शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखी मानव अधिकार र मौलिक हकको सुनिश्चितता गरिएकोछ ।

३. बालमैत्री स्थानीय शासन कार्यक्रम लागु गरिएको छ।

४. प्रत्येक वडा र गाउँपालिकालाई पुर्वाधारमा सुविधा सम्पन्न तथा प्रमुख मोटर बाटो स्तरोन्नती हुने गरी नीति लिइ कार्यान्वयन गरिएको छ।

५. वन वातावरण तथा विपद् व्यवस्थापनलाई प्राथमिकतामा राखी प्रभावकारी कार्यान्वयन गरिएको छ।

६. नागरीकमैत्री सेवा प्रवाहको लागि संस्थागत बिकास संगै जवाफदेहिता ,पारदर्शिता ,विधीको शासन कायम गर्ने नीतिका साथ नीति तथा कार्यक्रम कार्यान्वयन भएको छ।

<u>गाउँपालिकाको दिर्घकालिन सोच</u>

**"शिक्षा, स्वास्थ्य, रोजगार र पर्यटन सहितको पुर्वाधार प्रकृति र मगर संस्कृति निस्दीको आधार"** भन्ने दिर्घकालीन सोचलाई कार्यान्वयन गर्नु हामी समक्ष चुनौती रहेको छ।

**सभासदस्य ज्यूहरु अब म आ.व.२०८२/०८३ को आर्थिक विकास तर्फको नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु।**

## आर्थिक विकास

निस्दी गाउँपालिकाको आर्थिक समृद्धिको आधार कृषि, पशुपालन, सहकारी, पर्यटन, उद्योग र वन क्षेत्रको एकीकृत तथा दिगो विकास हो। स्थानीय स्रोत, साधन र सम्भावनाको अधिकतम परिचालन गर्दै रोजगारी सिर्जना, आयआर्जन वृद्धि र गरिबी न्यूनीकरण गर्ने उद्देश्यले देहाय बमोजिमका नीति तथा कार्यक्रमहरू तर्जुमा गरिएको छ।

### १. कृषि क्षेत्र

- आर्थिक वर्ष २०८२/८३ लाई **'कफी रोपण वर्ष'** को रूपमा मनाउन **१०,००० कफीका बिरुवा रोपण** गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय उत्पादन र सम्भाव्यताको आधारमा पकेट क्षेत्र घोषणा गरी कृषिलाई **युवामैत्री व्यवसाय** बनाइनेछ। युवाहरूलाई कृषिमा संलग्न गराई उत्पादन एवम् उत्पादकत्व वृद्धि गरी निर्यात प्रवर्द्धन गर्न **उत्पादनमा आधारित अनुदानको नीति** अवलम्बन गरिनेछ।
- बाली विशेष उत्पादनको आधारमा संघिय ससर्त मार्फत **"एक वडा, एक कृषि पकेट"** स्थापनाको अवधारणालाई निरन्तरता दिइनेछ।

- कृषि, पशुपन्छी र मत्स्यपालन सम्बन्धी तथ्याङ्कलाई अद्यावधिक गरी नीति निर्माणमा प्रयोग गरिनेछ।
- निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक कृषि प्रणालीमा रूपान्तरण गर्न **कृषि यन्त्र उपकरणमा अनुदान** दिइनेछ र उत्पादन, उत्पादकत्व बढाई आयस्तर वृद्धि र गरिबी निवारणमा जोड दिइनेछ।
- गाउँपालिकाभित्र बाँझो रहेको जग्गालाई अभिलेखीकरण गरी समूह, सहकारी वा कम्पनीमार्फत **करार खेतीमा जोड दिँदै** व्यावसायिक र नाफामुखी कृषिमा रूपान्तरण गरिनेछ। बेरोजगार युवाहरूलाई स्वरोजगार बनाउन उक्त बाँझो जमिन नियमानुसार परिचालन गरिनेछ।
- अदुवा बालीलाई आधुनिकीकरण, विविधिकरण र मूल्य श्रृङ्खलामा आबद्ध गरिनेछ। बजारीकरणका लागि उत्पादन पश्चातको क्षति न्यूनीकरण (Post-harvest longevity) गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- किसान सूचीकरणमा परेका कृषकहरूलाई **किसान परिचय पत्र** वितरण गरिनेछ।
- निस्दी गाउँपालिकाका कृषि उपजहरूको मुख्य उत्पादन क्षेत्रलाई समेट्ने गरी **संकलन केन्द्र स्थापना** गरिनेछ र **"निस्दी कोसेली घर"** मार्फत बजारीकरण गर्न तरकारी बालीको न्यूनतम समर्थन मूल्य तोक्ने व्यवस्था मिलाइनेछ।
- आर्थिक वर्ष २०८२/८३ मा १०५ वटा स्थायी टनेल निर्माण गर्न पालिका र कृषक बिच **लागत साझेदारीमा** कार्यक्रम लागू गरिनेछ।
- सिंचित भूमिलाई थप विस्तार गर्न प्रभावकारी सिँचाइ कार्यक्रमहरू लागू गरिनेछ।
- निस्दी गाउँपालिकाभित्र कृषि विषय अध्ययन गरेका व्यक्तिहरूका लागि **अन्तरक्रियात्मक विशेष कार्यक्रम** सञ्चालन गरिनेछ।
- प्रत्येक वडामा माटो सुधार र माटो परिक्षण सम्वन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

## २. पशुपन्छी विकास

- कृषि तथा पशुपन्छी पेशालाई सम्मानित पेशाका रूपमा स्थापित गर्दै जनताको आर्थिक समुन्नतिसँग आबद्ध गर्न विभिन्न लक्षितमूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- **"गोठदेखि ओठसम्म स्वच्छ मासु"** भन्ने नारालाई सार्थक बनाउन नश्ल सुधार र गोठ/खोर सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- **"निस्दी गाउँपालिकाको साथ, कृषकलाई राहत"** अभियान अन्तर्गत सहकारीमार्फत जिउँदो तौलमा खसी/बोका बिक्री गरेबापत **उत्पादन प्रोत्साहन अनुदान** उपलब्ध गराई व्यावसायिक बाख्रापालनतर्फ उन्मुख गराइनेछ।

- वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई पशुपालनमा आकर्षित गर्न बाख्रा, बंगुर तथा कुखुरा पालन व्यवसायमा जोड्न विशेष पहल गरिनेछ।
- निस्दी गाउँपालिकालाई **खोरेतमुक्त** बनाउन गाई/भैंसीमा पूर्ण खोप (FMD Vaccination) अनिवार्य गर्न पहल गरिनेछ।
- पशुपालक कृषकको जोखिम न्यूनीकरण गर्न **पशु बिमा कार्यक्रममा** जोड दिइनेछ।
- पशुपालन सम्बन्धी विभिन्न अभिमुखीकरण, अन्तरक्रिया तथा आवश्यक तालिम सञ्चालन गरिनेछ।
- खसी/बोकाको व्यवस्थित बजारीकरणका लागि निस्दी गाउँपालिकाका सातवटै वडामा **खसी/बोका संकलन केन्द्र स्थापना** गर्न जोड दिइनेछ।
- **"राजस्व सङ्कलनमा वृद्धि, अनुदानमा अभिवृद्धि"** भन्ने नाराका साथ निस्दीमा उत्पादित कृषि तथा पशुपन्छीजन्य वस्तुलाई आन्तरिक राजस्वसँग जोड्ने नीति लिइनेछ।

## ३. सहकारी

- पालिकाभित्रका सहकारीहरूलाई व्यवस्थित, पारदर्शी र मर्यादित रूपमा सञ्चालन हुने वातावरण सिर्जना गरिनेछ।
- सहकारीको क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ।
- सहकारीको अनुगमनलाई प्रभावकारी बनाई सहकारीको कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ।
- पालिकाभित्रका सहकारीहरूलाई उत्पादन तथा बजारीकरणमा लगाई सहकारीमार्फत जनताको आयस्तर वृद्धि तथा गरिबी न्यूनीकरणमा जोड दिइनेछ।
- उत्पादन, रोजगारी तथा बजारीकरणमा टेवा पुर्‍याउने सहकारीका लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गरिनेछ।
- सहकारीको प्रभावकारी अनुगमन गरी सहकारी आवस्थाकोको आधारमा मर्ज तथा खारेजी गर्ने नीति लिईनेछ ।

## ४. पर्यटन

- निस्दीभित्रका पर्यटकीय क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण गर्न संघीय र प्रदेश सरकारसँग सहकार्य र समन्वय गरिनेछ।
- स्थानीय अर्गानिक उत्पादन र कला-संस्कृतिको जगेर्ना गरी पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ।

- **"वरपर चर्को घाम, निस्दीमा गई गरौं आराम"** भन्ने नाराका साथ पालिकाभित्रका पर्यटकीय क्षेत्रहरूको प्रचारप्रसार गरी होटल तथा घरबास (Homestay) स्थापना गर्न प्रोत्साहन गरिनेछ।
- पर्यटनको माध्यमबाट स्वरोजगार तथा रोजगारी सिर्जना गरी स्थानीय उत्पादनको बिक्रीमार्फत आर्थिक स्तर सुधार तथा गरिबी निवारणमा टेवा पुर्‍याइनेछ।
- **"एक वडा, एक पर्यटकीय गन्तव्य"** को अवधारणा अनुरुप कार्यक्रम विकास गरिनेछ। विशेषगरी **काउलेडाँडाको सौन्दर्यीकरण र प्रचारप्रसारमा** जोड दिइनेछ।

## ५. उद्योग

- पालिकाभित्र स्थापना हुन आउने उद्योगहरूलाई प्रोत्साहन तथा सहजीकरण गरिनेछ।
- घरेलु तथा साना उद्योग सञ्चालनका लागि प्रोत्साहन गरिनेछ।
- उत्कृष्ट उद्यमीलाई सम्मान गरी उद्यमशीलता संस्कृतिको विकास गरिनेछ।
- उद्यमी बन्न चाहने नागरिकका लागि आवश्यक तालिम तथा अनुदानको व्यवस्था गरिनेछ।
- उद्यमशीलताबाट रोजगार तथा स्वरोजगारको सिर्जना गरी आर्थिक विकास तथा गरिबी निवारणमा जोड दिइनेछ।
- उद्यमीद्वारा उत्पादित वस्तुको बजारीकरणमा सहयोग गरिनेछ।

## ६. सिँचाइ

- पालिकाभित्रका ठूला सिँचाइ आयोजना सञ्चालन गर्न संघीय तथा प्रदेश सरकारसँग सहकार्य र समन्वय गरिनेछ।
- उत्पादनशील फाँट तथा बारीमा सञ्चालन हुँदै आएका सिँचाइ कुलोहरूको मर्मत-सम्भार तथा स्तरोन्नति गर्दै लगिनेछ।
- भौगोलिक रूपमा जटिल स्थानमा लिफ्ट तथा पाइप सिँचाइ प्रणालीको व्यवस्था गरिनेछ।
- उर्वर जमिनमा सिँचाइको पहुँच विस्तार गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आयस्तर वृद्धि तथा गरिबी निवारणमा जोड दिइनेछ।

## ७. रोजगार

- सबै प्रकारका बेरोजगार व्यक्तिहरू तथा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको अद्यावधिक तथ्याङ्क सङ्कलन गरिनेछ।
- रोजगारमूलक आयोजना सञ्चालन गर्न संघीय सरकारको बजेटमा साझेदारी गरिनेछ।
- **"श्रमको सम्मान, राष्ट्रको अभियान"** कार्यक्रम सञ्चालन गरिनेछ।

- निस्दी गाउँपालिकामा सम्भावित रोजगारीका अवसरहरू पहिचान गरी युवाहरूलाई सोही अनुसारको सीप विकास तालिम प्रदान गरिनेछ।

## सामाजिक बिकास नीति

नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दिगो विकास लक्ष्य (SDGs) तथा नेपाल सरकारको आवधिक योजना र नीतिहरूलाई आधार मानी "समृद्ध निस्दी, सुखी निस्दी बासी" को आकांक्षा पूरा गर्न गाउँपालिकाको सामाजिक विकास क्षेत्रमा देहाय बमोजिमका वार्षिक नीतिहरू अवलम्बन गरिनेछ।

### *१. शिक्षा तथा खेलकुद (Education and Sports)*

गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, नैतिकवान र सक्षम जनशक्ति उत्पादन गर्न तथा स्वस्थ नागरिकका लागि खेलकुदको विकास गर्न निम्न नीतिहरू लिइनेछः

**शिक्षा :**

१.मौलिक हकको रुपमा रहेको शिक्षामा सम्पूर्ण बालबालिकाको पहुंच, टिकाउ र गुणस्तरीय शिक्षा हासिल गराइने छ।विद्यार्थी पलायन नियन्त्रण र विद्यार्थी प्रोत्साहनका लागि व्यवस्था गरिनेछ। आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य गरिनेछ ।माध्यमिक शिक्षा निशुःल्क गरिनेछ ।
२. स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयनलाई निरन्तरता दिइनेछ।
३. शिक्षाको गुणस्तरमा सुधार ल्याउन प्रधानाध्यापक र शिक्षक-कर्मचारीसंग कार्यसम्पादन करार गरिनेछ।
४. दिवा खाजा कार्यक्रम थप व्यवस्थित र प्रभावकारी रुपमा लागु गरिनेछ।सेनेटरी प्याड व्यवस्थापन गरिनेछ। विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको कार्यान्वयनलाई व्यवस्थित गरिनेछ।
५. प्रारम्भिक बाल विकास केन्द्रहरुलाई व्यवस्थित गरिनेछ।
६. English Medium को कक्षाहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।
७. प्र.अ.हरुको नियमित बैठकलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।
८. सबै शिक्षकका लागि लागत साझेदारीमा बृहत Motivational Training संचालन गरिनेछ ।
९. विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम, वि.व्य.स., शि.अ.सं. का पदाधिकारी एवं प्र.अ.का लागि व्यवस्थापकीय, प्रशासनिक र नेतृत्व क्षमता विकास तालिम, शिक्षक तालिम, MGML तालिम लगायत विद्यार्थीहरुका लागि समेत विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।
१०. विद्यालयमा अत्यावश्यक पूर्वाधारको विकास गरिनेछ ।
११. विद्यालयमा बाह्य तथा आन्तरिक सुपरीवेक्षण, अनुगमन र कक्षा अवलोकनलाई प्रभावकारी बनाइनेछ।
१२. विद्यालयलाई दिगो विकासका लक्ष्यहरुको अवधारणा अनुसार विकास गर्न जोड दिईनेछ।
१३. विद्यालयमा शैक्षिक सामाग्री व्यवस्थापन र प्रयोगलाई जोड दिईनेछ । शैक्षिक प्रदर्शनी, खेलकुद एवं अतिरिक्त क्रियाकलापहरु सञ्चालनलाई व्यवस्थित गरिनेछ।

१४. आधारभूत तह उतिर्ण परीक्षा, सिकाइ उपलब्धी परीक्षा, एस.इ.इ.परीक्षा लगायत विद्यालय स्तरका सबै परीक्षाहरु व्यवस्थित र मर्यादित तवरले सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।
१५. उत्कृष्ट नतिजा हासिल गर्ने-गराउने विद्यालय, शिक्षक,विद्यार्थीलाई पुरस्कृत र न्यून नतिजा हासिल गराउनेलाई सचेत गराइनेछ।
१६. विद्यालय शिक्षालाई प्रविधि, सिप र जीवीकोपार्जनसंग जोड्न जोड दिइनेछ। प्राविधिक धार अध्ययन गर्न प्रोत्साहन गरिनेछ।
१७. विद्यालयमा बाल मञ्च, जुनियर रेडक्रस सर्कल, स्काउट आदि गठन गरी प्रभावकारी रुपमा पारिचालन गरिनेछ।
१८. विद्यालयलाई शान्ति क्षेत्रको रुपमा विकास गरिनेछ । प्रकोप तथा विपदका कारण हुन सक्ने शैक्षिक क्षति न्यूनिकरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
१९. गाउँ शिक्षा योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

## स्वास्थ्य नीति

**मूल नाराः "स्वस्थ निस्दी, सुखी र खुसी निस्दी बासी"**

यस नारालाई सार्थक बनाउन र निस्दीबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले निम्न नीति तथा कार्यक्रमहरू अघि सारेको छः

**१. आधारभूत स्वास्थ्य सेवाहरु ( प्रतिकारात्मक सेवा,प्रवर्द्धनात्मक सेवा र उपचारात्मक सेवा ) निशुल्क रुपमा सर्वसुलभ तरिकाले जनताको पहुँच सम्म पुर्याईने छ साथै व्यवस्थित गर्दै लगिने छ ।**

- स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड कार्यक्रम लागु गरी गुणस्तरीय स्वास्थ्य सेवाको लागि सुनिश्चितता गरिनेछ ।
- आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि आवश्यक औषधी आपूर्ति व्यवस्था मिलाईनेछ ।
- ज्येष्ठ नागरिक अपांग असहाय नागरिकको घरदैलोमा स्वास्थ्यकर्मीहरुद्धारा स्वास्थ्य परिक्षण उपचार र व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।
- आवश्यकता अनुसार विभिन्न निकाय संघ संस्था संग समन्वय गरी विभिन्न तालिम गोष्ठी समिक्षा तथा विशेषज्ञ स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।
- स्वास्थ्य संस्था,बाह्य खोपकेन्द्र, गाउँघर क्लिनिक भवन निर्माण तथा व्यवस्थित गर्दै स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वास्थ्यको करार स्वास्थ्यकर्मीहरुको आवश्यक तलब भत्ताको व्यवस्था गरिएको छ ।

**२. दिगो बिकास लक्ष्य अनुरुप "पूर्ण सुरक्षित मातृत्व सेवायुक्त स्थानिय तह" अभियानको लागि बिशेष कार्यक्रमहरु सुरक्षित मातृत्व कार्यक्रम मातृ तथा नवजात शिशु स्वास्थ्यलाई उच्चप्राथमिकरण गरी कार्यक्रम सञ्चालन गरिनेछ । स्वास्थ्य संस्थाहरुमा सञ्चालित प्रसूती सेवा केन्द्रहरुलाई थप व्यवस्थित गरिनेछ। पूर्ण संस्थागत प्रसूती सेवायुक्त वडा घोषणा कार्यक्रम गर्दै निस्दी गाउँपालिकालाई पूर्ण संस्थागत प्रसूती सेवायुक्त पालिका गरिनेछ ।**

- प्रत्येक गर्भवतीमहिलाहरुलाई निशुल्क क्याल्सियम र अण्डा वितरण, सुत्केरी रेफर गर्न परेमा निःशुल्क एम्बुलेन्स/खर्च व्यवस्था गरिने छ ।
- गर्भवती महिलाहरुलाई गर्भवती जाँच गराउन नियमित रुपमा स्वास्थ्य संस्थामा आउदा संगै आउने र संस्थामा सुत्केरी गराउन पठाएवापत महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई यातायात खर्च र सुत्केरी आमाहरुलाई प्रोत्साहन भत्ता व्यवस्था गरिनेछ ।
- बर्थिङ सेवा केन्द्र र सुरक्षित गर्भपतन सेवालाई थप व्यवस्थित गर्दै गर्भवती लक्षित अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालन गरिने छ ।

**३. बाल स्वास्थ्य कार्यक्रम तथा शिशु तथा बाल्यकालिन पोषण कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित गर्दै कुपोषित बालबालिका बिहिन पालिका गरिने छ ।**

- नियमित खोप सुदृढिकरण तथा पूर्णखोप दिगोपना सुनिश्चितता घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।
- नियमित तौल अनुगमन गर्नकोलागि २४ महिना सम्मका बालबालिकाहरुलाई २४ पटक नियमित बृद्दि (तौल) अनुगमन गर्ने, बालभिटा खुवाउने र राष्ट्रिय भिटामिन ए कार्यक्रममा नियमित रुपमा सहभगि हुने अभिभावकलाई पुरस्कृत/यातायातको व्यवस्था गरिने छ ।
- पोषणमैत्री स्वास्थ्य संस्था घोषणा कार्यक्रम प्रभावकारी रुपमा संचालन गरि सबै स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरिनेछ।
- कुपोषण उपचार केन्द्र(OTC) लाई व्यवस्थित गर्दै आवश्यकता अनुसार थप गर्दै लगिने छ ।

**४. गाउँपालिका भित्र किशोर किशोरीहरुको स्वास्थ्य सचेतना गर्ने कार्यक्रम गरी लागुऔषद दुर्व्यसन, आत्महत्या र बालबिबाह न्युनिकरण गर्न पहल तथा बृहत यौनिकता शिक्षा हरेक आधारभूत विद्यालय, माध्यमिक विद्यालय र समुदाय स्तरमा सञ्चालन गरिनेछ साथै किशोरी रक्तअल्पता परिक्षण कार्यक्रम र स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्री स्वास्थ्य संस्था घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।**

**५. हाल बढ्दै गईरहेको दिर्घ तथा नसर्ने रोग र मानसिक स्वास्थ्य समस्याको रोकथाम तथा नियन्त्रणलाई प्राथमिकतामा राखिने छ ।यस्ता जनस्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन अध्ययन अनुसन्धानको कार्यक्रमहरु सञ्चालन गरिने छ ।**

- नसर्ने रोग पहिचान स्क्रिनिङ (मधुमेह,उच्च रक्तचापर मृगौला समस्यापरिक्षण)कार्यक्रम संचालन गरिने छ।
- दिर्घरोगीहरु विशेषगरी उच्च रक्तचाप र मधुमेह(सुगर )को आधारभूत औषधी एम्लोडिपिन (Amlodipine) र मेटफर्मिन (Metformin) निःशुल्क रुपमा वितरण गर्ने कार्यक्रम निरन्तरता दिईने छ ।
- मानसिक स्वास्थ्य सम्बन्धिका जनचेतना/अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्दै आधारभूत तथा आकस्मिक औषधीहरु निःशुल्क व्यवस्था गरिनेछ ।

**६. राष्ट्रिय महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता अभिवृद्धि तथा प्रोत्साहन कार्यक्रम, दीर्घ सेवा गर्नु भएका उमेर हदका कारणले सेवा निरन्तरता गर्न नसक्ने महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई सम्मानजनक विदाई, आवश्यकता परेको स्थानमा महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका थप स्वयंसेविका दिवस, बार्षिक समिक्षातथा यातायात खर्च व्यवस्था गरिएको छ ।**

**७. सबै स्वास्थ्य संस्थाहरु, गाउँघर क्लिनिक, महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरुबाट दिईने स्वास्थ्य सेवाहरुलाई प्रभावकारी ढंगले सञ्चालन तथा रेकर्डिङ तथा रिपोर्टङ कार्यलाई प्रविधीमैत्री (EHMIS) बनाई विश्वसनिय र व्यवस्थित गरिनेछ ।**

**८. परम्परागत चिकित्सा पद्धतिको रुपमा रहेको आयुर्वेद औषधालयबाट योग तथा ध्यान लगायतका स्वास्थ्य पद्दतिको संरक्षण, प्रबर्द्धन गरी नागरिकको स्वास्थ्य अवस्था सुधार गरिनेछ साथै यस पालिकामा रहेको नागरिक आरोग्य केन्द्रलाई थप व्यवस्थित गर्दै लगिनेछ ।**

**९. आ.व.२०८२/०८३ मा यस पालिकामा आधारभूत अस्पताल सञ्चालन गर्न पहल गरिने छ ।**

**खानेपानी तथा सरसफाई**

- निस्दी गाउँपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रममा खानेपानी तथा सरसफाई क्षेत्रलाई उच्च प्राथमिकता दिँदै देहाय बमोजिमका कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिएको छः

- १. **वास प्लान (WASH Plan) तर्जुमा र कार्यान्वयनः** खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) सम्बन्धी एक विस्तृत योजना तर्जुमा भएकोमा त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

- २. **"एक घर, एक धारा" अभियानः** प्रत्येक घरमा खानेपानीको सहज पहुँच सुनिश्चित गर्न "एक घर, एक धारा" अभियानलाई निरन्तरता दिइनेछ।

- ३. **खानेपानी आयोजना सञ्चालनः** भौगोलिक अवस्था अनुसार ग्राभिटी (Gravity) तथा लिफ्टिङ (Lifting) प्रविधिका खानेपानी आयोजनाहरू सञ्चालन गरी खानेपानी सेवा विस्तार गरिनेछ।

- ४. **मर्मतसम्भार कोषको व्यवस्थाः** सञ्चालित खानेपानी आयोजनाहरूको दिगोपन र नियमित मर्मतका लागि एक "मर्मतसम्भार कोष" स्थापना र व्यवस्थापन गरिनेछ।

- ५. **बृहत् सरसफाई अभियानः**
  * पालिकाका सबै ७ वटै वडाहरूमा सरसफाई सूचकहरूको आधारमा विशेष सरसफाई अभियान सञ्चालन गरिनेछ।
  * यस अभियान अन्तर्गत घर-घरमा **मचान निर्माण**, पानी शुद्धीकरणका लागि **फिल्टर वितरण**, र समुदायस्तरमा **सरसफाई सम्बन्धी तालिम** प्रदान गरिनेछ।

- ६. **खानेपानीको गुणस्तर सुनिश्चितताः** आम नागरिकलाई स्वच्छ र सुरक्षित खानेपानी उपलब्ध गराउन खानेपानीका मुहानहरूको परीक्षण गरिनेछ।

- ७. **जनसहभागितामा आधारित कार्यक्रमः** खानेपानी आयोजनाका लागि आवश्यक पाइप वितरण गर्दा लागतको **७५ प्रतिशत गाउँपालिकाले** र बाँकी **२५ प्रतिशत सम्बन्धित नागरिक (उपभोक्ता) ले** व्यहोर्ने गरी जनसहभागितामूलक बनाइनेछ।

## <u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण वार्षिक नीति तथा कार्यक्रम</u>

निस्दी गाउँपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई उच्च प्राथमिकता दिँदै पछाडि पारिएका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकासको मूलधारमा ल्याउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नेछ। कार्यक्रमका मुख्य बुँदाहरू निम्न रहेका छन्:

**मूलप्रवाहीकरण तथा लक्षित कार्यक्रमः**

- समाजमा पछाडि परेका र पारिएका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकासको मूलप्रवाहमा ल्याइनेछ।
- यसका लागि **दलित, जनजाति, तथा ज्येष्ठ नागरिक**, महिला ,वालवालिका ,अपांग एकल पुरुष ,अभिभावक विहिन वालवालिका लक्षित विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## बालमैत्री स्थानीय शासनः

- ✓ बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि निर्धारित **५१ वटा सूचकहरूमा** लगानी गरिनेछ।जस अन्तरगत देहाय अनुसारको नीति लिईनेछ ।
- ✓ बाल बिवाह अन्त्यका लागि सचेतना मुलक अभियान संचालन गर्दै यस बर्ष कम्तिमा ३ वडालाई बालबिवाह मुक्त वडा घोषणा गरिनेछ ।
- ✓ बालक्लवहरुको क्षमता बिकास गर्दै यस बर्ष सबै बालक्लवहरुलाई दर्ता प्रकृयामा लगिनेछ ।
- ✓ बालश्रममुक्त स्थानिय तह बालमैत्री स्थानिय तह घोषणा कार्यक्रमलाई बिषेश अभियानका रुपमा सञ्चालन गरिनेछ
- ✓ जनप्रतिनिधिहरु संग बालबालिका तथा जेष्ठ नागरिकहरु संग बालबालिका कार्यक्रम तथा बालबालिका सँगै बालबालिका भन्ने कार्यक्रम यस बर्ष देखि सञ्चालनमा ल्याईनेछ ।
- ✓ बालमैत्री स्थानिय शासन लागु गर्ने उद्देश्यका साथ क्रमश बिद्यालय तथा वडाहरुलाई बालमैत्री बिद्यालय तथा वडा घोषणा गर्दै लगिनेछ ।
- ✓ नेपालको कानुन बमोजिम बिद्यालय तथा सार्वजनिक कार्यालयको १०० मि वरपर जाँड रक्सी
- ✓ चुरोट सुर्ति जस्ता बस्तुहरु बेच बिखनमा प्रतिबन्ध लगाउनु साथै १८ बर्ष मुनीका बालबालिकालाई बिक्रि बितरण नगर्नका लागि सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ बालबालिकाहरुको सशक्तिकरणका लागि बिभिन्न दिवसहरुको अवसरमा कार्यक्रमहरु सञ्चालन गरिनेछ

- ✓ अभिभावक बिहिन तथा बेचबिखनमा परेका बालबालिकाहरुको उद्धार तथा पुर्नस्थापनाका लागि बालकोष स्थापना भई सञ्चालनमा ल्याईनेछ ।

बि.स.२०८३ भित्र बालमैत्री गाउँपालिका स्थापना गर्नका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्न ब्यवस्था गरिनेछ ।

**युवामैत्री स्थानिय शासन कार्यक्रम**

- युवाहरूलाई लक्षित गरी **युवामैत्री स्थानीय शासन** सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**महिला सशक्तीकरण तथा क्षमता विकासः**

- महिलाहरूको चौतर्फी विकासका लागि उनीहरूको **क्षमता अभिवृद्धि, आयआर्जन र सशक्तीकरणमा** जोड दिइनेछ।
- यसअन्तर्गत निम्न कार्यक्रमहरू समावेश छन्ः
  - अन्तर्राष्ट्रिय नारी दिवस (महिला अधिकार दिवस) भव्य रूपमा मनाउने।
  - पालिका स्तरीय तीज गीत प्रतियोगिता आयोजना गर्ने।
  - लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सञ्चालन गर्ने।
  - महिलाहरूका लागि विभिन्न सीप विकास तालिमहरू सञ्चालन गर्ने।

**अपांग ६० बर्ष पुगेका एकल पुरुष र अभिभाबक विहिन वालवालिका**

ग बर्गको अपांग ६० बर्ष पुगेका एकल पुरुष तथा अभिभावक विहिन वालवालिका लाई बिशेष कार्यक्रम मार्फत मासिक १ हजार सामाजिक सुरक्षा भत्ता प्रदान गरिनेछ ।

## पुर्वधार विकास नीति

गाउँपालिकाको समग्र विकासको मेरुदण्डको रूपमा रहेको पूर्वाधार विकासलाई दिगो, उत्थानशील, गुणस्तरीय र जनमुखी बनाउन आगामी आर्थिक वर्षमा देहायबमोजिमका नीति तथा कार्यक्रमहरू अवलम्बन गरिनेछः

**आयोजना छनोट तथा मापदण्ड कार्यान्वयनः**

- गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा परियोजना बैंकमा समावेश भएका आयोजनाहरूलाई प्राथमिकताका साथ छनोट गरिनेछ।
- पूर्वाधार निर्माण सम्बन्धी संघीय तथा प्रदेश सरकारबाट जारी भएका भवन मापदण्ड, सडक मापदण्ड लगायतका अन्य सबै मापदण्डहरूलाई अनिवार्य रूपमा कार्यान्वयन गरिनेछ।
- पूर्वाधार निर्माण गर्दा दिगो विकासका लक्ष्यहरू र उत्थानशील विकासको अवधारणालाई आत्मसात् गरी वातावरणीय सन्तुलन कायम गरिनेछ।

**गौरवका तथा प्राथमिकता प्राप्त आयोजना**

- पालिकाको गौरवको आयोजनाको रूपमा रहेको **"केम खाम्चा मार्ग"** निर्माण कार्यलाई तीव्रता दिइनेछ।
- गाउँपालिकाको **"मुख्य प्रशासनिक भवन"** र निर्माणाधीन **"१५ शैयाको अस्पताल"** लाई आगामी आर्थिक वर्षभित्रै सम्पन्न गरी सेवा सञ्चालनमा ल्याइनेछ।
- रणनीतिक महत्त्वको **"मित्याल-अरुणखोला मोटर बाटो"** लाई थप व्यवस्थित र स्तरोन्नति गर्न संघीय तथा प्रदेश सरकारसँग विशेष समन्वय र सहकार्य गरिनेछ।
- पालिका स्तरीय सुविधासम्पन्न खेलमैदान निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी संघीय सरकारसँगको समन्वय तथा सहकार्यमा निर्माण कार्य अगाडि बढाइनेछ।

**सडक मर्मत, स्तरोन्नति तथा यातायातको पहुँचः**

- गाउँपालिकाको प्रशासनिक केन्द्रदेखि सबै वडा कार्यालयहरू जोड्ने मुख्य सडकहरूको नियमित मर्मतसम्भार गरी बाह्रै महिना यातायात सञ्चालनको सुनिश्चितता गरिनेछ।
- वडाभित्रका शाखा सडकहरूको मर्मत तथा स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ।
- सडक मर्मत कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक स्रोतसाधन सहित थप **ब्याकहोलोडर खरिद गर्ने** नीति लिइनेछ।

**साझेदारी तथा समन्वय**

- आवश्यकता र प्राथमिकताका आधारमा झोलुङ्गे पुल निर्माणका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय र साझेदारी गरिनेछ।
- गाउँपालिकाको समपूरक (Matching) कोषबाट सञ्चालन हुने आयोजनाहरूको प्रभाव मूल्याङ्कन गरी प्रतिफलयुक्त बनाइनेछ।

**<u>आयोजना कार्यान्वयन तथा व्यवस्थापन</u>**

- विगतमा सुरु भएका तथा अधुरा रहेका पूर्वाधार आयोजनाहरूलाई सम्पन्न गर्न उच्च प्राथमिकता दिइनेछ।
- आयोजनाको प्रभावकारिता र प्रतिफल सुनिश्चित गर्न **रु. २ लाखभन्दा कम लागतका टुक्रे आयोजनाहरू छनोट गरिने छैन**।
- उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने मागमा आधारित आयोजनाहरूमा स्थानीयको **श्रमदान सुनिश्चित भएपछि मात्र** कार्यान्वयनमा लगिनेछ।
- गाउँपालिका क्षेत्रभित्र निर्माण हुने निजी तथा सरकारी भवनहरूको नक्सा पास प्रणालीलाई आगामी आर्थिक वर्ष **२०८२/८३ देखि अनिवार्य रूपमा लागू** गरिनेछ।
- नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्री वितरणलाई वातावरणीय प्रभाव मूल्याङ्कन (EIA/IEE) प्रतिवेदनको आधारमा व्यवस्थित र पारदर्शी बनाइनेछ।
- पालिका तथा वडा स्तरबाट छनोट भई निर्माण हुने सबै सार्वजनिक भौतिक पूर्वाधारहरूलाई **अपाङ्गतामैत्री, बालमैत्री, लैङ्गिकमैत्री तथा युवामैत्री** बनाइनेछ।

क्रमले निस्दी गाउँपालिकामा स्वच्छ खानेपानीको पहुँच विस्तार गर्ने, सरसफाईको अवस्थामा सुधार ल्याउने, र सञ्चालित आयोजनाहरूलाई जनसहभागिताको माध्यमबाट दिगो बनाउने स्पष्ट लक्ष्य राखेको छ।

# <u>निस्दी गाउँपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति</u>

**"जोखिम र विपदमा निस्दीको ध्यान ,खालि जग्गामा उत्पादन सहित हरियाली हाम्रो अभियान" को नारा सहित** निस्दी गाउँपालिकाको प्राकृतिक सम्पदा, जैविक विविधता र वातावरणीय सन्तुलनको संरक्षण गर्दै दिगो विकास हासिल गर्न तथा विपद् जोखिम न्यूनीकरण गरी नागरिकको जीवनस्तर उकास्नका लागि देहाय बमोजिमको वन, वातावरण तथा विपद् व्यवस्थापन नीति अवलम्बन गरिनेछः

**सामुदायिक वनको व्यवस्थापन र आयआर्जनमा आबद्धताः**

सामुदायिक वन उपभोक्ता समूहहरूलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ। समूहहरूले आफ्नो वार्षिक कार्ययोजना गाउँपालिकामा अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यवस्था मिलाइनेछ र वन पैदावारमा आधारित उद्यमशीलता प्रवर्द्धन गरी वन क्षेत्रबाट प्राप्त हुने आयलाई स्थानीय नागरिकको आयआर्जनसँग आबद्ध गरिनेछ।

**निजी वन दर्ताको लागि कानूनी व्यवस्थाः**

निजी जग्गामा लगाइएका वनको संरक्षण, व्यवस्थापन र सदुपयोगलाई प्रोत्साहन गर्न "निजी वन दर्ता तथा व्यवस्थापन सम्बन्धी कानून" तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। यसले गर्दा नागरिकहरू आफ्नो निजी जग्गामा वृक्षारोपण गर्न प्रोत्साहित हुनेछन्।

**वातावरणमैत्री तथा उत्थानशील विकासः**

गाउँपालिकाबाट सञ्चालन हुने सबै प्रकारका विकास आयोजनाहरू (पूर्वाधार निर्माण, कृषि, पर्यटन आदि) मा वातावरणीय प्रभाव मूल्याङ्कनलाई अनिवार्य गरिनेछ। वातावरणमैत्री तथा विपद्-उत्थानशील विकासका अवधारणालाई आयोजना तर्जुमा र कार्यान्वयनको हरेक चरणमा प्राथमिकता दिइनेछ।

**विपद् व्यवस्थापनमा ४-आर (4R) को प्राथमिकताः**

विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन ४-आर (4R) को अवधारणाः **न्यूनीकरण (Reduction), पूर्वतयारी (Readiness), प्रतिकार्य (Response), र पुनर्लाभ (Recovery)** लाई प्राथमिकता दिइनेछ। यसका लागि स्थानीय विपद् व्यवस्थापन समितिहरूलाई सक्रिय बनाइनेछ र आवश्यक स्रोत, साधन र तालिमको व्यवस्था गरिनेछ।

**हरियाली प्रवर्द्धन र आय आर्जनः**

"हरित निस्दी" अभियान सञ्चालन गरी गाउँपालिका भित्रका सार्वजनिक, निजी तथा खाली र बाँझो जग्गामा फलफूल तथा बहुउपयोगी बोटबिरुवा रोपणलाई प्रोत्साहन गरिनेछ। विशेषगरी **अम्रिसो, तेजपात, आँप, लिचि** जस्ता आय आर्जन सँग जोड्न सकिने प्रजातिहरूको प्रवर्द्धन गरी हरियाली र समृद्धि एकसाथ हासिल गर्ने लक्ष्य लिइनेछ।

# संस्थागत विकास सेवा प्रवाह र सुशासन

**सेवा प्रवाह तथा अन्तर-निकाय समन्वयः**

१. सेवा प्रवाहलाई सरल, सहज, पारदर्शी र सेवाग्राहीमैत्री बनाइनेछ।

२. गाउँपालिका र वडा कार्यालयहरूबीच प्रभावकारी अन्तरसम्बन्ध कायम गरी एकीकृत र समन्वयात्मक रूपमा सेवा प्रवाह गरिनेछ।

३. नागरिकको घरदैलोमा सेवा पुऱ्याउन एकीकृत घुम्ति शिविरलाई थप व्यवस्थित र बृहत् बनाई सञ्चालन गरिनेछ।

४. नागरिक मैत्री सेवा प्रवाहलाई गाउँपालिकाको हरेक काम कारबाहीमा जोड दिइनेछ।

**आर्थिक सुशासन तथा वित्तीय व्यवस्थापनः**

१. आन्तरिक आय वृद्धिका लागि राजस्वका नयाँ क्षेत्रहरूको पहिचान, विस्तार र दायरालाई फराकिलो बनाइनेछ।

२. चालु तथा प्रशासनिक खर्चमा मितव्ययिता अपनाइनेछ।

३. वित्तीय जोखिम न्यूनीकरणका लागि आवश्यक रणनीति अवलम्बन गरिनेछ।

४. बेरुजु फर्स्यौटलाई उच्च प्राथमिकता दिई समयमै सम्पन्न गर्न सम्बन्धित शाखा, कार्यालय र समितिलाई जिम्मेवार र जवाफदेही बनाइनेछ।

५. जिन्सी व्यवस्थापनलाई पारदर्शी, व्यवस्थित र अद्यावधिक गरिनेछ।

**योजना तथा आयोजना व्यवस्थापनः**

१. आयोजना छनोट प्रक्रियामा सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लाभ-लागत विश्लेषणलाई अनिवार्य गरिनेछ।

२. रु. ५ लाखभन्दा माथिका आयोजना तथा कार्यक्रमहरूको अनुगमन गाउँपालिका स्तरीय अनुगमन समितिबाट र सोभन्दा कम लागतका आयोजनाहरूको अनुगमन सम्बन्धित वडा स्तरीय अनुगमन समितिबाट गरिनेछ।

३. आयोजनाहरूमा ३ प्रतिशत कन्टिन्जेन्सी र १.५ प्रतिशत मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ।

४. कन्टिन्जेन्सी रकम खर्च गर्दा प्रचलित मापदण्डको पूर्ण पालना गरिनेछ।

५. आयोजनाको सूचना पाटी निर्माणका लागि रु. ३ लाखसम्मको लागत अनुमान भएको योजनामा रु. १,०००।- र सोभन्दा माथिका योजनामा रु. ३,०००।- रकम उपलब्ध गराइनेछ।

**मानव संसाधन व्यवस्थापन तथा क्षमता विकासः**

१. उत्कृष्ट कार्यसम्पादन गर्ने पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारीहरूलाई प्रोत्साहन, पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ।

२. कर्मचारी तथा जनप्रतिनिधिहरूको लागि आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३. कर्मचारीहरूको आन्तरिक सरुवा प्रत्येक वर्षको श्रावण र माघ महिनामा मात्र, दरबन्दी, भौगोलिक अनुभव र कार्य आवश्यकताको आधारमा गरिनेछ।

४. प्रत्येक शाखालाई जिम्मेवार बनाई कार्यसम्पादनमा चुस्तता र प्रभावकारिता ल्याइनेछ।

**जवाफदेहिता, पारदर्शिता र नागरिक सहभागिताः**

१. गाउँपालिकाका हरेक काम कारबाहीमा जवाफदेहिता, पारदर्शिता र उत्तरदायित्वको सिद्धान्तलाई पूर्ण रूपमा आत्मसात् गरिनेछ।

२. "निस्दीको लक्ष्यः सुसूचित समाज, अबको गन्तव्य" भन्ने नारालाई सार्थक बनाउन सूचनाको हकको पूर्ण प्रत्याभूति गर्दै सुशासनयुक्त गाउँपालिका निर्माणमा जोड दिइनेछ।

३. उपभोक्ताको हकहित संरक्षणका लागि बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाइनेछ।

**कानूनी तथा नीतिगत व्यवस्थाः**

१. नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका नीति, नियम तथा कानूनहरूको पूर्ण कार्यान्वयन गरिनेछ।

२. गाउँपालिकाको कार्य सञ्चालनका लागि आवश्यक पर्ने ऐन, कानूनहरूको तर्जुमा गरिनेछ।

३. तर्जुमा भएका ऐनहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नियमावली, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू निर्माण गरी लागू गरिनेछ।

## न्यायीक समिति

नेपालको संविधानले स्थानीय तहमा विवाद निरुपणको अधिकार न्यायिक समितिलाई प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्देशित गरेबमोजिम निस्दी गाउँपालिकाका नागरिकहरूलाई छिटो, छरितो, निष्पक्ष र पहुँचयोग्य न्याय प्रदान गर्नु न्यायिक समितिको मुख्य दायित्व हो। विवादलाई स्थानीय स्तरमै मेलमिलापको माध्यमबाट समाधान गरी समाजमा शान्ति, सद्भाव र सहिष्णुता कायम गर्न, न्यायमा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन देहायका नीति तथा कार्यक्रमहरू प्रस्ताव गरिएको छ।

**"सुलभ न्याय र मेलमिलापयुक्त समाज, समृद्ध निस्दीको आधार।"**

स्थानीय स्तरमा सिर्जना हुने विवादहरूलाई मेलमिलापको माध्यमबाट प्रभावकारी रूपमा निरुपण गर्दै न्यायिक समितिबाट हुने न्यायिक कार्यलाई निष्पक्ष, पारदर्शी र जनउत्तरदायी बनाईनेछ। जसका लागि देहायको लक्ष्य नीति र कार्यक्रम लिईनेछ ।

**नीतिहरू (Policies):**
देहायका नीतिहरू अवलम्बन गरिनेछः

- **नीति १ः न्यायमा पहुँचलाई सर्वसुलभ, सरल र सहज बनाउने नीतिः** न्यायको लागि कुनै पनि नागरिकले आर्थिक वा अन्य कारणले कठिनाइ भोग्नु नपर्ने अवस्था सिर्जना गरिनेछ।
- **नीति २ः मेलमिलाप प्रणालीलाई सुदृढ र प्रभावकारी बनाउने नीतिः** विवादको पहिलो समाधान मेलमिलाप हो भन्ने मान्यतालाई स्थापित गर्दै मेलमिलाप केन्द्र र मेलमिलापकर्ताहरूलाई सक्षम र सक्रिय बनाइनेछ।
- **नीति ३ः न्यायिक सचेतना तथा नागरिक सहभागिता अभिवृद्धि गर्ने नीतिः** न्यायिक समितिको काम, कर्तव्य, अधिकार र मेलमिलापको महत्वबारे जनचेतना फैलाइनेछ।
- **नीति ४ः क्षमता विकास तथा समन्वयको नीतिः** न्यायिक समिति, मेलमिलापकर्ता र सरोकारवालाहरूको क्षमता विकास गर्दै आपसी समन्वय र सहकार्यलाई प्रवर्द्धन गरिनेछ।

**६. कार्यक्रमहरू (Programs):**
उपर्युक्त नीतिहरू कार्यान्वयन गर्न देहायका कार्यक्रमहरू सञ्चालन गरिनेछः

**(क) न्यायमा सहज पहुँच सम्बन्धी कार्यक्रमहरूः**
१. **निःशुल्क उजुरी दर्ताः** न्यायिक समितिमा दर्ता हुने सबै प्रकारका उजुरीहरू निःशुल्क दर्ता गर्ने व्यवस्था मिलाइनेछ।
२. **सेवाग्राहीलाई यातायात खर्चः** न्यायिक समितिमा उजुरी/निवेदन दिन आउने आर्थिक रूपमा

विपन्न, अशक्त, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई गाउँपालिकाले तोकेको मापदण्डअनुसार यातायात खर्च उपलब्ध गराइनेछ।

**(ख) मेलमिलाप प्रणाली सुदृढीकरण सम्बन्धी कार्यक्रमहरू:**

३. **सातवटै वडामा मेलमिलाप केन्द्रको व्यवस्थापन:** गाउँपालिकाका सातवटै वडाहरूमा रहेका मेलमिलाप केन्द्रहरूलाई आवश्यक फर्निचर, स्टेशनरी, सूचना पाटी र अन्य सामग्री उपलब्ध गराई व्यवस्थित र क्रियाशील बनाइनेछ।

४. **मेलमिलापकर्ताहरूको सक्रियता र प्रोत्साहन:** सूचीकृत मेलमिलापकर्ताहरूलाई सक्रिय बनाउन नियमित रूपमा बैठक, छलफल र अन्तरक्रिया गरिनेछ। सफल रूपमा विवाद मिलाउने मेलमिलापकर्ताहरूलाई कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्ने नीति लिइनेछ।

५. **अनुभव आदान-प्रदान कार्यक्रम:** न्यायिक समिति, वडा मेलमिलाप केन्द्र र मेलमिलापकर्ताहरूबीच अनुभव आदान-प्रदान तथा समीक्षा बैठक आयोजना गरिनेछ। यसबाट सिकाइ र असल अभ्यासहरूको प्रवर्द्धन हुनेछ।

**(ग) नागरिक सहभागिता तथा सचेतना सम्बन्धी कार्यक्रमहरू:**

६. **"न्यायिक समिति संग नागरिक कार्यक्रम:** न्यायिक समितिको संयोजक तथा सदस्यहरू नागरिकको गुनासो सुन्न र न्यायिक समितिको कार्यबारे जानकारी दिन प्रत्येक वडामा वर्षको कम्तिमा एक पटक "न्यायिक समिति नागरिकसँग" अन्तरक्रिया कार्यक्रम लिएर उपस्थित हुनेछन्। साथै पिडामा परेका नागरिकलाई कानूनी उपचार गर्न यातायात खर्च/न्याय खर्च उपलब्ध गराईनेछ ।

७. **"टोल-टोलमा मेलमिलापकर्ता" अभियान:** मेलमिलापको महत्व बुझाउन र स्थानीय स्तरमा उत्पन्न सानातिना विवादलाई टोलमै समाधान गर्न र प्रोत्साहन गर्न "टोल-टोलमा मेलमिलापकर्ता" अभियान सञ्चालन गरिनेछ। यस अभियान अन्तर्गत मेलमिलापकर्ताहरूले आफ्नो टोलमा सचेतना फैलाउने र विवाद निरुपणमा सहजीकरण गर्नेछन्।

नेपालको संविधानले प्रत्याभूत गरेको खाद्य सम्प्रभुता र आवासको हकलाई सुनिश्चित गर्न, भूमिमा रहेको द्वैध स्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार लागू गर्न र भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरूको समस्यालाई दिगो रूपमा समाधान गर्न निस्दी गाउँपालिका निम्न नीतिहरू अवलम्बन गर्न प्रतिबद्ध छ ।

# भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासी

### भूमिहीन र अव्यवस्थित बसोबासीको भू-अधिकार सुनिश्चितता:

- राष्ट्रिय भूमि आयोगसँगको समन्वयमा गाउँपालिकाभित्र बिगतमा छुट भएका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरूको यथार्थ लगत संकलन कार्यलाई प्राथमिकताका साथ सम्पन्न गरिनेछ।
- लगत संकलन तथा प्रमाणीकरण कार्यलाई निष्पक्ष, पारदर्शी र सहभागितामूलक बनाउन वडास्तरमा सहजीकरण समिति लाई परिचालन गरिनेछ।
- प्रचलित कानुन र मापदण्ड बमोजिम योग्य पहिचान भएका भूमिहीन तथा अव्यवस्थित बसोबासीहरूलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गर्ने प्रक्रियालाई सहजीकरण गरिनेछ।

**<u>भू-वर्गीकरण र कृषि भूमिको संरक्षणः</u>**

- संघीय भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७९ बमोजिम गाउँपालिकाको सम्पूर्ण भूमिलाई कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी-खोला, सार्वजनिक उपयोग लगायतका क्षेत्रमा वर्गीकरण भएकोमा कित्ता काट लाई खुलाईनेछ।
- कृषि योग्य भूमिको संरक्षणलाई उच्च प्राथमिकता दिइनेछ। कृषि क्षेत्रमा वर्गीकृत जमिनलाई गैर-कृषि कार्यमा प्रयोग गर्न निरुत्साहित गरिनेछ र उर्वर जमिनको खण्डीकरण रोक्न कडा नीति लिइनेछ।
- सामूहिक खेती, व्यावसायिक कृषि र चक्लाबन्दी कार्यक्रमलाई प्रोत्साहन गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न विशेष अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

**<u>भूमिमा महिला किसानको अधिकारः</u>**

- भूमिमा महिलाको समान पहुँच र स्वामित्व स्थापित गर्न श्रीमान्-श्रीमतीको नाममा संयुक्त जग्गाधनी प्रमाणपुर्जा बनाउने कार्यलाई प्रोत्साहन गरिनेछ।
- भूमिहीनलाई जग्गा वितरण गर्दा महिला, विशेषगरी एकल महिला, दलित र सीमान्तकृत समुदायका महिलाहरूलाई प्राथमिकता दिइनेछ।
- महिलाको भूमि अधिकार सम्बन्धी कानुनी व्यवस्थाबारे जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- भूमि शाखा लाई व्यवस्थित बनाईनेछ ।